नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १८५ २०८१ साल फागुन ८ गते बिहीबार (20 Feb. 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : राससको अबको ... ३ पृष्ठमा : राससलाई सूचनाको भरपर्दो ... ३ पृष्ठमा : जापानका पूर्व प्रधानमन्त्र ...

# प्रजातन्त्र दिवसमा राजनीतिक दलको उदासिनता

# ६ जना जनप्रतिनिधी तथा राजनीतिक दलको शुन्य सहभागितामा मनाइयो प्रजातन्त्र दिवस

**नवीनकुमार गुप्ता**
**राजविराज, ७ फागुन ।**

देशमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र तथा संघीय गणतन्त्रका लागि लडेका राजनीतिक दल तथा जनप्रतिनिधिहरु नै प्रजातन्त्र दिवस मनाउन उदासिनता देखाएका छन् ।

बि.स. २००७ साल फागुन ७ गते प्रजातन्त्रको घोषणापछि प्रत्येक बर्ष नेपालमा प्रजातन्त्र दिवस मनाईदै आईएको छ । यसै अवसरमा सप्तरी सदरमुकाम राजविराजमा बुधबार बिहान प्रभातफेरी तथा प्रवचन कार्यक्रमको आयोजना गरिएको थियो ।




राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ जिल्ला स्तरिय समितिको आयोजनामा आयोजित कार्यक्रममा जिल्लाभरबाट मात्र ६ जना जनप्रतिनिधी तथा राजनीतिक दलको सहभागिता शुन्य देखिएको छ । त्यसबाहेक नागरिक समाजका अगुवा, चारै सुरक्षा समितिका अधिकारीहरु, केही कार्यालय प्रमुखहरु, प्रहरी तथा केही कर्मचारीको मात्र सहभागिताले प्रजातन्त्र दिवसको महत्वलाई धमिलो पारेको छ ।

कार्यक्रममा जिल्ला समन्वय समिति सप्तरीका सभापति शिवनारायण साह, उपसभापति शम्भु यादव, सदस्य सविता साह, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश यादव, राजविराज नगरपालिकाका तर्फबाट वडा नं. ७ का सदस्य रामानन्द देव, शम्भुनाथ नगरपालिकाका वडा नं. ४ का अध्यक्ष बिजय साह, नागरिक समाजका थानसिंह भन्साली, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडा, केही कार्यालय प्रमुख तथा सुरक्षाकर्मी र कर्मचारीको सहभागिता रहेको थियो ।

एकल जहानिया राणा शासनको चंगुलबाट राज्यलाई मुक्त गरि जनताले आफै शासन गर्न ल्याइएको एउटा शासन प्रणाली हो प्रजातन्त्र । प्रजातन्त्र ल्याउन विभिन्न राजनैतिक दलहरुको भूमिका निकै महत्वपूर्ण रहेको छ । तर, अहिले सोही दिवस मनाउन राजनीतिक दलहरु उदासिन रहेकोमा के उनीहरु पनि आफूलाई जहानिया शासककै रुपमा उभ्याउन त खोजिरहेका छैनन् ?

प्रजातन्त्र दिवस हर्षोल्लासका साथ मनाउन सार्वजनिक बिदा दिइएको छ । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र सहितको संविधान २०७२ साल असोज ३ मा जारि भएपछि यसको महत्व अझै बढ्दै जाँदा प्रजातन्त्र दिवसमा यसको महत्व घट्नु दल तथा जनप्रतिनिधिहरुको भूमिका प्रति प्रश्न चिन्ह खडा भएको छ ।

जिल्ला समन्वय समिति सप्तरीका सभापति शिव नारायण साहले लोकतन्त्र, गणतन्त्र ल्याउन राजनीतिक दलको भूमिका अहम रहेकोमा प्रजातन्त्र दिवस मनाउन उनीहरुले देखाएको उदासिनताप्रति आफूलाई चिन्तित बनाएको बताए । सबै राजनीतिक दललाई दिवस मनाउने बारे खबर गरेकै हौं, उनले भने, “राष्ट्रिय पर्वको अवसरमा राजनीतिक दल तथा जनप्रतिनिधिहरुको अनुपस्थितीले दुखी बनाएको छ ।”

स्वतन्त्रता सेनानी लालदेव यादवले प्रभातफेरी र प्रवचन कार्यक्रममा सहभागिता जनाएर सच्चा देश भक्तको परिचय दिएको उल्लेख गर्दै सभापति साहले भने, “उनी हरेक वर्ष यस दिवसको अवसरमा उपस्थित हुने गरेका छन्, उनी नै सच्चा देशभक्त हुन् ।”

“सम्पूर्ण राजनीतिक दल तथा नगरपालिका/गाउँपालिकाका प्रमुखहरुलाई पत्राचार गरे पनि राष्ट्रिय पर्वको अवसरमा के कुन कारणले सहभागिता जनाएनन् उहाँहरु नै जानुन्, उनले भने- हाम्रो काम सबैलाई खबर गरि समन्वय गर्ने हो ।”

जिल्ला समन्वय समितका सभापति साहले लोकतन्त्रका लागि पटक-पटक लडेका राजनीतिक दलहरुको प्रजातन्त्र दिवस जस्तो गहन विषयमा उदासिन रहनु उदेक लाग्दो रहेको बताए ।

यसअघि पनि फागुन २ गते प्रजातन्त्र दिवसको तयारी बैठकमा सबै राजनीतिक दल तथा जनप्रतिनिधिहरुलाई खबर गर्दा मात्र ९ जनाको झिनो उपस्थिति रहेको थियो ।

जिल्ला समन्वय समिति सप्तरीको सभाकक्षमा बोलाईएको उक्त छलफल बैठकमा १८ वटा पालिका मध्ये रुपनी गाउँपालिका र अग्निसाइर कृष्णासवरण

***बाँकी अन्तिम पृष्ठमा***

## नवजात शिशुको शव कुकुरले मुखमा लिएर घुमिरहेको देख्दा ...



**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा बुधबार एक नवजात शिशुको शवलाई कुकुरले मुखमा लिएर घुमिरहेको पाईएको छ ।

शरीर पुर्ण रुपमा विकसित नभएको मृत अवस्थामा फेला परेको शिशुको शव कुकुरले बोकेर अस्पताल परिसरमा ल्याएको हो ।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. दिलिप साहले पुर्ण रुपमा शरीर विकसित नभएको शिशुको शव मृत अवस्थामा फेला परेको जानकारी दिए ।

अस्पताल रहेका प्रत्यक्षदर्शीहरुले कुकुरलाई घेराउ गरी पोषण पुनर्स्थापना केन्द्रको पछाडि मृत नवजात शिशुलाई राखेर प्रहरीलाई खवर गरेका थिए । शिशु कसको हो र कुकुरले कहाँ बाट ल्याएको

***बाँकी अन्तिम पृष्ठमा***

## संविधान बनाउने दलहरु नै संविधान कार्यान्वयन गर्न नसकेको गृह मन्त्री लेखीको आरोप

**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

मधेश प्रदेश सरकारले पहिलो पटक सप्तरीको छिन्नमस्ता गाउँपालिकामा राष्ट्रिय प्रजातन्त्र दिवस मनाएको छ ।

मधेश प्रदेश गृहसंचार तथा कानुन मन्त्रालयको आयोजनामा आयोजित कार्यक्रममा गृहसंचार तथा कानुन मन्त्री राजकुमार लेखीले संविधान बनाउने दलहरु नै संविधान कार्यान्वयन गर्न नसकेको आरोप लगाएका छन् ।

संविधानमा उल्लेखित स्वायत्त प्रदेश, स्वायत्त क्षेत्र र स्वायत्त इलाका कार्यान्वयनमा सरकार चुकेको बताउदै उनले संघीयता र गणतन्त्रलाई बलियो बनाउन प्रमुख दलहरु जिम्मेवार नभएको उल्लेख गरे ।



“काँग्रेस, एमाले र माओवादी मिलेर बनाएको संविधान कार्यान्वयनमा तीनै दल जिम्मेवार देखिएन” मन्त्री लेखिले भने, “पटक पटक यी तिनै दलले सरकारको नेतृत्व गरे तर, संघीयता बलियो बनाउन पुर्णरुपमा संविधानको कार्यान्वयन गर्न सकेको छैन् ।”

मन्त्री लेखिले संघीयता र समावेशीतालाई बलियो बनाउन संविधान अनुसारको कानुन संघीय सरकारले बनाउनुपर्नेमा जोड दिए ।

प्रदेश र स्थानिय सरकारबाट जनताले ठूलै अपेक्षा राखेपनी प्रदेश सरकारसँग त्यो अनुसारको बजेट नहुँदा समस्या भएको बताउँदै उनले भने, “७० प्रतिशत सम्म बजेट संघीय सरकारले राख्ने अनि प्रदेश र स्थानिय सरकारबाट बढी अपेक्षा राख्ने ।”

छिन्नमस्ता गाउँपालिका सप्तरीको सहआयोजनामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साहले आम जनतालाई प्रजातन्त्रको अनुभूति हुनेगरी काम गर्न आवश्यक रहेको बताए ।

छिन्नमस्ता गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले आमजनताले प्रजातन्त्रको अनुभूती गर्न नसकेको गुनासो गरे । कार्यक्रममा सुरुङ्गा नगरपालिका प्रमुख गीता चौधरी, सप्तकोशी नगरपालिकाका प्रमुख कृष्णप्रसाद ढकालले व्यवस्था फेरिएपनि जनताको अवस्था नफेरिएको उल्लेख गरे ।

कार्यक्रममा मानव विकास केन्द्र जनकपुरका निर्देशक कुन्दन झाले नेपालमा प्रजातन्त्रको विकासक्रम बारे कार्यपत्र प्रस्तुत

***बाँकी अन्तिम पृष्ठमा***

## सम्पादकीय ....

### कहिले सम्पन्न हुन्छ निर्माणाधीन सडकको काम ?

लामो समयदेखी निर्माण भइरहेको सप्तरीको विभिन्न सडकहरुको काम कहिले सम्पन्न हुने कुरा कसैलाई थाहा छैन् । विगत पाँच वर्ष भन्दा बढी समयदेखी जिल्लाका अधिकांश सडकहरु निर्माणाधीन अवस्थामै छ । त्यसमध्ये राजविराज नगरको विभिन्न टोलका सडकहरु अग्रपन्थीमा छन् । छिन्नमस्ता भगवती मन्दिर तथा हुलाकी सडक जोड्ने मुख्य मार्ग पनि हो । तर, ठेकेदार कम्पनीको लापरवाहीले बन्न सकेको छैन् ।

त्यस्तै राजविराज नगरपालिकाको विभिन्न वडाका अधुरो, जिर्ण तथा नयाँ सडकको निर्माण कार्य अझै सूचारु हुन सकेको छैन् । अधिकांश सडकहरुको निर्माण कार्य बीचमै अडकिएको छ । ती सडकहरुको दशा पहिले भन्दा पनि झनै खराब भएको छ । मानिसहरुलाई हिडडुल गर्न समस्या भइरहेको छ भने सडक अहिले धुलोमय बनेको छ । हावाहुरीको यस महिनामा सडकको धुलो घरहरुमा प्रवेश गर्नुका साथै मानिसको स्वास्थ्यमा समेत प्रभाव पारिरहेको छ । यतिमात्र नभएर सवारीसाधन गुडाउन समेत समस्या परेको छ । नाला निर्माण कार्य पनि रोकिएको छ । जसले गर्दा घरको पानी बाहिर बगिरहेको छ । यसले सडक फोहर र दुर्गन्धित बनेको छ ।

यसरी सडक निर्माण कार्यको नाममा झनै बिग्रिएको छ । समयमा निर्माण कम्पनीले निर्माण कार्य सम्पन्न गर्न नसक्दा स्थानियहरुले सास्ती व्यहोर्नु परिरहेको छ । तसर्थ यस्ता सडकहरुको निर्माण कार्यलाई प्राथमिकतामा राखेर सम्पन्न गराउनेतर्फ सरोकारवाला निकाय तथा स्थानिय पालिकाले अग्रसरता देखाउनु जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# राससको अबको बाटो

**श्रीरामसिंह बस्नेत**

काठमाडौँ, ७ फागुन (रासस) ।

समयले धेरै नेटो काटिसकेको छ । राजनीतिक, आर्थिक, सामाजिक, वैचारिक, प्राविधिकलगायत हरेक क्षेत्रमा परिवर्तनको लहर चलिरहेको छ । आज हरेक क्षेत्र ठूला अवसर र चुनौतीको दोसाँधमा उभिएका छन् । सिङ्गै पत्रकारिता क्षेत्रमा परिवर्तनको प्रभाव टड्कारो देखिएको छभने समाचार समिति पत्रकारिता (एजेन्सी जर्नालिज्म)मात्र यसबाट अलग रहन नसक्नु स्वाभाविकै हो । हरेक युगमा परिवर्तन अवश्यम्भावी नै हुन्छ । प्रश्न त्यसलाई कसरी लिने र सदुपयोग गर्ने भन्नेमात्र हो । यस परिप्रेक्ष्यमा समाचार समिति पत्रकारिता र नेपालको सन्दर्भमा राष्ट्रिय समाचार समिति (रासस)को आगामी बाटोबारे गम्भीरतापूर्वक घोत्लिनु समयको माग हो । छ दशकभन्दा लामो अवधिदेखि अनवरत क्रियाशील रासस आफैँमा एउटा राष्ट्रिय धरोहर हो । तर यही गौरवमा मात्र रमाएर आउँदा दिनहरूप्रति निश्चिन्त रहने सुविधा वा छुट राससलाई छैन र हुनु पनि हुँदैन । त्यसैले अवसर र चुनौतीको सँघारमा उभिएर हरेक चुनौतीहरूलाई अवसरमा परिणत गर्न सक्ने क्षमताको विकास गर्नु नै राससको आजको मूल दायित्व हो । त्यसका लागि राससले केही महत्वपूर्ण काम फत्य गर्नुपर्ने हुन्छ ।

**आफ्नो मूलधर्मको रक्षा**

कुनै पनि समाचार माध्यमको मूलधर्म सत्यतथ्यको निष्पक्ष प्रस्तुति हो । झन् त्यसमा पनि सबै समाचार माध्यमका लागि समाचारको मुख्य मुहानको रुपमा रहेको समाचार एजेन्सीका लागि त सत्यतथ्य धर्ममात्र नभई प्राण नै हो । आजको पत्रकारिता विश्वसनीयताको खडेरीबाट ग्रस्त हुँदै गएको छ । डिजिटल मिडिया, सोसियल मिडिया छिटो सन्देश सम्प्रेषण गर्ने होडबाजीमा निकै तीव्र देखिए पनि विश्वसनीयताको सवालमा भने खरो उत्रिन सकेका छैनन् । यो अवस्थामा समाचार एजेन्सीहरूलाई अन्य मिडियालाई जस्तो तीव्र सन्देश सम्प्रेषण गर्ने नाममा सत्यतथ्यबाट टाढा रहेका विषय पनि आम जनमानसमा पस्कने छुट छैन । त्यसैले राससले पनि सत्यतथ्यमात्र निष्पक्ष रूपमा सम्प्रेषण गर्ने आफ्नो मूलधर्मको रक्षा जसरी पनि गर्नुपर्छ, चाहे त्यसका लागि जस्तोसुकै मूल्य चुकाउनु किन नपरोस् । रासस यो मूलधर्म निर्वाह गर्नमा चुक्यो भने अरु खुद्रा काममा जति राम्रो देखिए पनि त्यसको खासै अर्थ रहँदैन । यद्यपि, सत्यतथ्य र निष्पक्षताको यो मूलधर्म निर्वाह गर्न सहज भने छैन । यसका लागि संस्थाको नेतृत्व तहदेखि स्थलगत तहसम्म उच्च नैतिक मनोबल र व्यावसायिक दक्षता अपरिहार्य हुन्छ ।

**राससको रणनीतिक योजना**

राससले छ दशकदेखि सँगालेको अनुभव, वर्तमान अवस्था र भविष्यको आवश्यकताको गहन विश्लेषण गरी एउटा विस्तृत रणनीतिक योजना (स्ट्राटेजिक प्लान) बनाउनु जरुरी छ । यसमा आगामी २० वर्षमा (अर्थात् २१०० सालसम्ममा) रासस कुन अवस्था र स्तरमा पुग्ने र कसरी पुग्ने भन्ने स्पष्ट लक्ष्य निर्धारण गरिएको हुनुपर्छ । यो २० वर्षलाई विभिन्न चरणमा विभाजन गरी प्रत्येक चरणमा के के गर्ने भनेर रणनीतिक योजनालाई कार्यान्वयन गर्न स्पष्ट कार्ययोजना (एक्सन प्लान) समेत बनाउनु पर्दछ । यसका लागि रासस परिवारका प्रत्येक सदस्य, राससका सेवाग्राही, सम्बन्धित पक्ष, शुभेच्छुक र दूरदृष्टि भएका विशेषज्ञ र अनुभवी विज्ञहरूसँग व्यापक अन्तरक्रिया गर्नुपर्दछ । ती सबै प्रक्रियाबाट प्राप्त निष्कर्षको आधारमा रणनीतिक योजना र कार्ययोजना तयार गरिनुपर्दछ । सरकार वा रासस व्यवस्थापनामा जस्तो परिवर्तन आए पनि रणनीतिक र कार्ययोजनाले निरन्तरता पाउने सुनिश्चित हुनैपर्छ ।

**समयको मागअनुसार क्षमता विकास र विस्तार**

सूचना तथा सञ्चार प्रविधिमा आएको अकल्पनीय परिवर्तन र विकासलाई आत्मसात् गरी राससले आफूलाई त्यस अनुकूल बनाउन हरदम चनाखो र सक्रिय रहनु पर्दछ । उदाहरणको रुपमा अहिले संसारभरि नै कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स–एआई) अवसर र चुनौतीको रुपमा आएको छ । यसलाई राससले कसरी सदुपयोग गर्ने ? प्रश्न एआईको मात्र हैन, आउँदा दिनहरूमा झन् नयाँनयाँ अवसर र चुनौतीद्वारा रासस अवश्य घेरिनेछ । त्यसलाई सामना गरेर अघि बढ्न राससले अहिलेदेखि नै आफ्नो हरेक क्षमता विकास गर्न सक्षम हुनु अपरिहार्य छ ।

**दक्ष जनशक्तिको विकास र सही परिचालन**

कुनै पनि संस्थाको सफलता र दिगोपन त्यसमा कार्यरत जनशक्तिको दक्षता र इमान्दारीमा भर पर्दछ । 'एकपटक सेवा प्रवेश परीक्षा उत्तीर्ण गरी नियुक्ति पाएपछि सधैँको लागि पुग्छ' भन्ने सोच हाम्रो देशमा व्याप्त रहेको पाइन्छ । यस्तो सोचबाट राससको मानव संशाधन संयन्त्रमात्र मुक्त छैन । तसर्थ, सम्बन्धित व्यक्ति आफैं पनि र संस्था समेतले आफ्ना जनशक्तिलाई दक्ष बनाउन सधैं उच्च प्राथमिकता दिनुपर्छ । यसका लागि समय समयमा सान्दर्भिक तालिमहरू आयोजना गर्नु अत्यावश्यक हुन्छ ।

राससको भरतपुर कार्यालयमा बनिरहेको नयाँ भवनलाई तालिम केन्द्रको रूपमा विकसित गर्ने राससको योजना उत्साहजनक छ । यसलाई राससको आन्तरिक तालिममा मात्र सीमित नराखी पत्रकारिता र आमसञ्चारका लागि राष्ट्रिय तालिम केन्द्रकै रूपमा विकसित गर्न सकिन्छ, जसले गर्दा राससको भूमिका र योगदान वृद्धि हुन जान्छ । दक्ष जनशक्तिलाई सही रूपमा परिचालन गर्नु पनि त्यत्तिकै जरुरी छ । राज्यको लगानीबाट राससले तयार गरेका जनशक्ति अन्यत्र परिचालन गर्नु/गराउनु संस्थाको हितअनुकूल हुँदैन । यसबाट सम्बन्धित व्यक्तिलाई क्षणिक लाभ भएको जस्तो देखिए पनि यथार्थमा संस्था र व्यक्ति दुवैलाई कुनै उल्लेख्य लाभ पुग्न सक्दैन, बरु हानि हुनसक्छ ।

**कार्यशैली र कार्यकुशलताप्रतिको सजगता**

विश्वव्यापी महामारी कोभिडका कारण संसारभरिकै कार्यालयहरूमा काम गर्ने शैलीमा बाध्यतावश परिवर्तन गरियो । अर्थात् सङ्क्रमणबाट जोगिन कार्यालय नगई घरबाटै पनि कम्प्युटर प्रविधिको माध्यमबाट काम गर्न सकिने भयो । कोभिडको सन्त्रास कायम रहेसम्म त यो स्वाभाविकै थियो । तर त्यो सन्त्रास हटिसकेपछि पनि कार्यालय नगई घर वा अन्यत्रबाट काम गर्ने परिपाटी हटेन । यसले विश्वकै कार्यशैलीमा परिवर्तन मात्र ल्याएन, जनशक्तिलाई अल्छी र काममा एकाग्र नहुने बानी बसालिदियो । त्यसको नकारात्मक प्रभाव अहिले धेरै क्षेत्रमा देखिन थालेको छ र त्यसमा मिडिया पनि एक प्रमुख हो ।

अर्कोतर्फ अनलाइन प्रविधिबाट समाचार सम्प्रेषण गर्ने सुविधा प्राप्त भएपछि त्यसको दुरुपयोग भएर एउटा मिडियाको समाचारदाताले तयार पारेका समाचार नै विभिन्न समाचारदाताहरूबीच 'सेयर' गर्ने तर स्थलगत रिपोर्टिङमा समाचारदाताहरू नपुगीकनै समाचार सम्प्रेषण गर्ने चलन व्यापक भएको पाइन्छ । यसले गर्दा मिडियाको विश्वसनीयता र छविमा प्रतिकूल असर परिरहेको छ । यो समस्याबाट रासस मात्र जोगिएको छैन । यसमा विशेषतः प्रत्येक मिडियाका नेतृत्वदायी जिम्मेवार पदाधिकारीहरूले नै यो प्रवृत्तिलाई निरुत्साहित गर्न सक्दछन् । रासस त समाचारको स्रोत नै भएकाले यसका समाचारदाताहरू स्थलगत रिपोर्टिङमा सक्रिय हुनैपर्छ । राससले पनि अरु मिडियाका समाचारदाताहरूका समाचार 'सेयर' गरेर राससको बुलेटिन भर्न थाल्यो भने त्यो ठूलो विडम्बना हुन जान्छ ।

**स्वतः सक्रिय पत्रकारिताको खाँचो**

राससले आफूलाई औपचारिक, प्रक्रियागत र भनाइमुखी ( हि सेड जर्नालिज्म) समाचारमा मात्र सीमित नराखी अनौपचारिक र आम जनमानससँग प्रत्यक्ष सरोकार भएका विविध विषय र क्षेत्रका समाचारहरू स्वतः सक्रिय पत्रकारिता (प्रो-एक्टिभ जर्नालिज्म)को मान्यताअनुसार स्थलगत रिपोर्टिङ नै गरेर उजागर गर्नु जरुरी छ । यसो गर्न सकिएमा लुकेर वा लुकाएर, दबेर वा दबाएर राखिएका कैयौं महत्वपूर्ण विषयहरू सतहमा आउने छन् । यसले देश र जनताकै हित हुने छभने राससको छविमा पनि सकारात्मक प्रभाव पर्न जानेछ । यसका लागि राससले देशभर छरिएर रहेका आफ्ना जनशक्तिलाई पूर्ण रूपमा परिचालन गर्न सक्नु पर्दछ ।

राससबाट नेपालीका अतिरिक्त अङ्ग्रेजी, अवधी, नेवारी र मैथली भाषामा पनि समाचार बुलेटिन प्रकाशित भइरहेकामा ती बुलेटिनहरू नेपालीबाट अनुदित समाचारहरूमा मात्र सीमित नरही सम्बन्धित भाषामा स्वतन्त्र समाचार सम्प्रेषण गर्ने परिपाटी हुनु आवश्यक छ । यसका लागि सम्बन्धित भाषाको बुलेटिनमा कार्यरत जनशक्तिलाई प्रोत्साहित गर्न सकिन्छ ।

**भौतिक सम्पत्तिको संरक्षण, संवर्द्धन र सदुपयोग**

राससको महत्व र आवश्यकतालाई दृष्टिगत गरी विगतमै देशका विभिन्न स्थानमा तत्कालीन सरकार, स्थानीय निकाय एवं समुदायको पहलमा राससलाई अमूल्य जग्गा प्राप्त भएको छभने धेरैजसो जग्गामा राससको आफ्नो भवन पनि छ । यस हिसाबले भौतिक सम्पत्तिको सन्दर्भमा राससलाई सम्पन्न मान्नुपर्दछ । तर ती जग्गा र भवनको समुचित संरक्षण, संवर्द्धन र सदुपयोग गर्न अझ धेरै काम गर्न बाँकी छ । चरणबद्ध रूपमा क्रमैसँग ती भौतिक सम्पत्तिको संरक्षण र सदुपयोग गर्नु अत्यन्त जरुरी छ । यसबाट राससको देशव्यापी सञ्जाल फैलाउन सहज हुनेछ ।

**आत्मनिर्भरतातर्फ उन्मुख आर्थिक व्यवस्थापनको खाँचो**

स्थापना भएदेखि अहिलेसम्म रासस मुलतः राज्यद्वारा प्रदान गरिएको अनुदानमा निर्भर रहेको छ । विश्वका कतिपय समाचार एजेन्सीहरूको पनि विगतको यथार्थ त्यस्तै नै रहेको पाइन्छ । तर उनीहरूले राज्यको अनुदानप्रतिको निर्भरता क्रमशः घटाउँदै आत्मनिर्भर बन्ने नीति अख्तियार गरे र त्यसमा सफल पनि भए । तर राससले सरकारी अनुदानबिना पनि कसरी आफ्नो अस्तित्वलाई कायम राख्न सकिन्छ भन्नेतर्फ सोचेको छैन । एकै पटक सम्भव नभए पनि सरकारमाथिको परनिर्भरता क्रमशः घटाउँदै लान राससले ठोस योजना बनाएर कार्यान्वयन गर्नु अति जरुरी छ । यसका लागि राससले सेवा र गतिविधि विविधीकरण गरी आफ्नो आर्जन क्रमशः वृद्धि गर्दै लानु आवश्यक छ ।

राससको प्रतिष्पर्धा अरु मिडियासँग हुन सक्दैन । किनकि समाचार सम्प्रेषणका लागि निश्चित समय कुर्नुपर्ने चरणबाट रासस अब धेरै अघि बढिसकेको छ । तसर्थ, राससको प्रतिष्पर्धा अरुसँग हैन, आफैँसँग हो । अर्थात् विगतको भन्दा गुणात्मक र सङ्ख्यात्मक दुवै हिसाबले अब्बल समाचार, आलेख, फोटो, अडियो आदि सम्प्रेषण गर्दै अघि बढ्नु राससका लागि अपरिहार्य छ । (वरिष्ठ पत्रकार बस्नेत राससका पूर्वमहाप्रबन्धक हुनुहुन्छ)

# रासससलाई सूचनाको भरपर्दो थलो बनाउन प्रतिबद्ध छौं

**धर्मेन्द्र झा (कार्यकारी अध्यक्ष, रासस)**

काठमाडौँ, ७ फागुन ।

राष्ट्रिय समाचार समिति (रासस) ६४औँ वार्षिकोत्सव मनाउँदै आजदेखि थप परिपक्वताको मार्गमा अग्रसर भएको छ । बुधबार नै देशले ७५औँ प्रजातन्त्र दिवस पनि मनाइरहेको छ । यस अवसरमा सम्बद्ध सबैलाई शुभकामना दिन चाहन्छु ।

देश विदेशका निष्पक्ष तथा आधिकारिक समाचार एवं सूचना देशवासी र विदेशी माझ सहज रूपमा प्रवाह गर्न र राष्ट्रिय एकताको भावना अभिवृद्धि गरी ठोस जनमत सिर्जना गर्न मद्दत पुगोस् भन्ने हेतुले विसं २०१८ फागुन ७ गते राष्ट्रिय संवाद समिति गठन गरियो जसलाई पछि राष्ट्रिय समाचार समिति (रासस) मा परिवर्तन गरियो ।

नेपालमा विसं २०१६ पुस १ गते नेपाल संवाद समिति (नेसस) नामक समाचार एजेन्सी स्थापना भयो । संस्थापकहरु हुनुहुन्थ्यो, गोपालदास श्रेष्ठ, गोविन्द वियोगी, मदन शर्मा र गणेश मानन्धर । विसं २०१७ वैशाख ३० गते नेपालमा यस्तै प्रकृतिको अर्को संस्था सगरमाथा संवाद समिति (ससंस) स्थापना भयो । यसका संस्थापक मणीन्द्रराज श्रेष्ठ, शङ्करनाथ शर्मा र पशुपतिदेव पाण्डेलगायत हुनुहुन्थ्यो । यी दुई समाचार समितिलाई गाभेर २०१८ फागुन ७ गते राष्ट्रिय संवाद समिति बनाइयो । रासस ऐन २०१९ जारीपछि समितिले कानुनी मान्यता पायो ।

समाचार समिति अर्थात् न्यूज एजेन्सी भनेकै खासगरी आमसञ्चारका माध्यमहरु जस्तै अखबार, विद्युतीय माध्यमलाई समाचार सामग्री उपलब्ध गराउने संस्था हो । समाचार समितिको सामान्यतया आफ्नै प्रकाशन र प्रसारण गृह अर्थात् मिडिया आउटलेट हुँदैन । विश्वका कतिपय देशमा न्यूज एजेन्सीले पत्रपत्रिका, रेडियो या टेलिभिजन सञ्चालन गरिरहेका पाइन्छन् । ६४ वर्ष लामो इतिहास बोकेको राष्ट्रिय समाचार समितिले आफ्ना ग्राहकलाई विशुद्ध सूचना तथा समाचार प्रदान गर्ने उद्देश्य राखेर समयको माग बमोजिम आफ्ना सेवालाई विविधिकरण गर्दै राष्ट्रिय-अन्तरराष्ट्रिय समाचार, तस्बिर, श्रव्यदृष्य, आलेख, विचार, अन्तर्वार्ता र मातृभाषामा समाचार सामग्री अनलाइनमार्फत प्रदान गर्दै आएको छ ।

परम्परागत समाचारको अर्थ अब 'अक्षर' वा 'शब्द' मा मात्र सीमित छैन । छापा माध्यम हुँदै विद्युतीय माध्यमका श्रव्य, श्रव्यदृश्य र अनलाइन, मोबाइल पत्रकारिता, पडकास्टसम्मले समाचार, समाचार सामग्री र समाचार कर्मका अर्थ बोकेका छन् र यी माध्यम पनि क्रमशः स्वतन्त्र विधाका रुपमा विकसित हुँदैछन् । रासससलाई, न्यू मिडियाको विकाससँगै डिजिटल प्लेटफर्ममा विस्तारित हुँदै उत्पन्न भएका चुनौती र अवसरबारे, राम्रो हेक्का छ । पछिल्ला वर्षमा प्रविधिको विकासबाट समग्र सञ्चार कर्म निर्देशित हुनुपर्ने बाध्यात्मक अवस्थाको विकास भएको छ । हामी पनि यसको अपवाद हुन सक्दैनौं ।

नेपालको एक मात्र आधिकारिक, विश्वसनीय तथा सत्यतथ्यपूर्ण समाचार एजेन्सी रासस पनि अन्तरराष्ट्रिय तस्बिर पत्रकारितासँगै एकाकार भएर हिँडिरहेको अवस्था गर्वको विषय हो । राससका सेवाहरुले राज्य र सरकारलाई आफ्ना गतिविधि जनतामाझ पुर्‍याउन सहज भएको छ नै आमसञ्चार माध्यमलाई पनि टेवा दिएको छ । राससले विविध नेपाली संस्कृति र विकास निर्माणका अनेक पक्षलाई समेटेर राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने तथा सर्वसाधारण जनता एवं नागरिक समाजमा आशा जगाउने काम गरिरहेको स्पष्ट छ । रासस आफ्नो यो भूमिका निरन्तर निर्वाह गर्न प्रतिबद्ध छ ।

जनताले तिरेको करबाट रासस सञ्चालित छ भन्ने कुराको हामीलाई गहिरो अनुभूति छ र यसअनुरुप जिम्मेवारी निर्वाह गर्न हामी निरन्तर तत्पर छौँ । हामीले राज्य र सरकारहरुसँगै जनतासँग जोडिएर आफूलाई निर्देशित गर्दै सेवा विविधिकरणमा जोड दिएका छौँ । यसैले पछिल्ला समयमा हामीले हाम्रो सामग्री सङ्कलन र प्रवाहमा सामान्य परिवर्तन गर्ने प्रयत्न गरेका छौँ र भुईं मानिसका 'कभरेज' लाई प्राथमिकतामा राखेका छौँ । यसै सोचअनुसार सर्वसाधारणका विचारलाई हामीले स्थान दिने प्रयास गरेका छौँ भने न्यू मिडियाले उपलब्ध गराएको अवसरका आधारमा हामीले श्रव्यदृश्य सेवा प्रारम्भ गरेका छौँ, जो अहिले निकै लोकप्रिय रहेको हाम्रो बुझाइ छ । राससले पछिल्लो समयमा सञ्चार माध्यमको 'डेडलाइन' हुँदैन भन्ने अवधारणालाई मूर्तरुप प्रदान गर्ने क्रममा आफ्नो नेपाली समाचार सेवालाई २४ घण्टा विस्तार गरी अहोरात्र सेवा उपलब्ध गराउने जिम्मेवारी स्वीकार गरेको छ ।

राससले मातृभाषा (अवधि, मैथिली र नेपाल भाषा) मा समाचार सम्प्रेषणको कार्य प्रारम्भ गरेर मिडियाको संरक्षण र सम्वर्द्धनका साथै स्थानीय भाषा, साहित्य र संस्कृतिको जगेर्नाका सन्दर्भमा आफ्नो जिम्मेवारी परिभाषित गरेको छ । यसैगरी राससले पछिल्लो समयमा मिडिया सङ्ग्रहालय र बुलेटिन कक्ष स्थापना गरी यी कक्ष सर्वसाधारणको अध्ययन र अनुसन्धानका लागि खुला गरेको छ र पत्रकारिता अध्ययनको दिशामा एउटा ईंटा थप्ने प्रयत्न गरेको छ ।

यतिमात्र होइन, राससले बेलाबेलामा आफ्ना 'तस्बिर पत्रकार' ले सङ्कलन गरेका वा खिचेका तथा राससबाट सम्प्रेषण भएका विभिन्न समयका विविध विषयका तस्बिरहरु प्रदर्शन गर्दै आएको छ । यसै क्रममा १५औँ गणतन्त्र दिवसका अवसरमा २०८० जेठ ११ गतेदेखि मसान्तसम्म 'हाम्रो संस्कृति : हाम्रो सम्पदा' शीर्षकमा ७० बढी तथा १६औँ गणतन्त्र दिवसका अवसरमा २०८१ जेठ १० देखि एक महिनासम्म 'गणतन्त्रको उपलब्धि : समृद्धिका लागि पूर्वाधार' शीर्षकमा करिब ९५ तस्बिर राखेर प्रदर्शनी आयोजना गर्न सफल भएका थियौँ ।

यी प्रदर्शनीमार्फत् गणतन्त्र स्थापनापछि नेपालमा केही पनि भएन भन्ने एकथरिले विकसित गर्न खोजेको भाष्य चिर्न हामी केही हदसम्म सफल रह्यौँ भन्ने हाम्रो ठम्याइ हो । यी प्रदर्शनीमा एकातिर सर्वसाधारण, प्रबुद्ध नागरिक समाज र नीति निर्माता तहमा रहेकाहरूको ठूलो आकर्षण रह्यो भने अर्कातर्फ यसैका माध्यमबाट सञ्चारजगत् र समग्र राज्यमा नै राससको उज्ज्वल छवि निर्माणमा सहयोग पुग्यो । तिनै दुई तस्बिर प्रदर्शनीलाई अभिलेखका रूपमा प्रकाशन गरी सङ्ग्रह गर्नका लागि नयाँ आयामका रूपमा 'रासस फोटो किताब : गणतन्त्रका १६ वर्ष' नामक फोटो किताब पनि हाम्रो वार्षिकोत्सवका अवसरमा प्रकाशित गर्ने जमर्को गरेका छौँ ।

अहिलेको प्रविधिगत चुनौती र अवसरका बीच आगामी दिनमा राससको सेवालाई विविधिकृत गरी व्यवस्थित गर्न, पत्रकार र प्राविधिक जनशक्तिलाई नयाँ-नयाँ विषयका तालिम र अत्यधुनिक तस्बिर उपकरण उपलब्ध गराउन, सेवालाई थप गुणस्तरीय, विश्वसनीय र विविधीकरण गर्ने प्रयास जारी राखेर समग्र सेवालाई अझ भरपर्दो बनाएर सञ्चारजगत् र समग्र राज्यलाई सेवा गरिरहने वाचा पनि यस अवसरमा गर्न चाहन्छौँ ।

# मुलुकको आर्थिक चलायमान र विकासका लागि अध्यादेश ल्याइएको हो : सञ्चारमन्त्री

काठमाडौँ, ७ फागुन (रासस) ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जनताको हित र मुलुकको समृद्धिको पक्षमा ल्याइएको अध्यादेशको विरोध हुनु चिन्ताको विषय भएको बताउनुभएको छ ।

नेपाल सरकारका प्रवक्ता समेत रहनुभएका सञ्चारमन्त्री गुरुङले मुलुकको अर्थतन्त्रलाई थप चलायमान बनाउन, सहकारीका क्षेत्रमा देखिएका समस्या सम्बोधन गर्न र सुकुम्बासी समस्या दीर्घकालीन रुपमा समाधान गर्न ल्याइएका अध्यादेशका विरुद्धमा एक भई प्रतिपक्ष विरोधमा उत्रिनु दुःखको विषय हो भन्नुभयो ।

राष्ट्रिय समाचार समिति (रासस) को ६४औँ वार्षिकोत्सव समारोहलाई बुधबार यहाँ सम्बोधन गर्दै उहाँले अध्यादेशभित्र भएका विषयवस्तुमाथि टीकाटिप्पणीसहित विरोध हुनुपर्नेमा त्यो नभई एकोहोरो अध्यादेशका बारेमा मात्र विरोध भएकामा आश्चय व्यक्त गर्नुभयो ।

मन्त्री गुरुङले जनताको सेवा गर्न, विकास निर्माणलाई गति दिई स्थायित्व प्रदान गर्न, भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्न ल्याइएको अध्यादेश पास गर्नुको विकाल्प नरहेकोमा जोड दिँदै समग्रमा देश र जनतालाई केन्द्रमा राखेर ल्याइएको अध्यादेशका पक्षमा साथ दिन सबै राजनीतिक पार्टीहरूसँग आग्रह गर्नुभयो ।

विभिन्न कालखण्डमा मुलुकमा भएका आन्दोलनबाट देशको शासन व्यवस्था र प्रणाली फेरिए पनि पुराना कानुन र नीति परिवर्तन नभइदिँदा अपेक्षा गरिएअनुसारको परिणाम दिन नसकेको स्पष्ट गर्दै सञ्चारमन्त्री गुरुङले अब शासन व्यवस्थाअनुसार कानुन परिवर्तन गर्नुपर्ने समय आएको बताउनुभयो ।

संविधानको भावनाअनुसार सरकारका सबै निकाय पूर्ण लोकतान्त्रिक र समावेशी हुनुपर्नेमा जोड दिँदै उहाँले प्रजातन्त्रमा विधिको शासनसहित स्वच्छ प्रतिस्पर्धा हुनुपर्नेमा त्यो नभइदिँदा लोकतन्त्र 'ट्र्याप'मा परेको होकी भन्ने कोणबाट टीकाटिप्प्पी हुनेगरेको बताउनुभयो ।

हाम्रो प्रदेश सरकार, पालिका, समग्र प्रहरी प्रशासन हाँक्ने व्यक्तिको कार्यशैली र आचरण ठीक हुनुपर्ने धारणा व्यक्त गर्दै उहाँले पुराना संरचनालाई नयाँ व्यवस्थाअनुरुप लोकतान्त्रिक र विधिसम्मत बनाउनुपर्नेमा जोड दिनुभया ।

"हामीले नीति र व्यवस्थामा क्रान्ति ल्याउन नसक्दा मुलुकले सोचे अनुकूल उपलब्धि हासिल गर्न सकेन", मन्त्री गुरुङले भन्नुभयो, "अहिले हामीले आवश्यक नीति रुपान्तरणमा जोड दिएका छौँ ।"

पछिल्लो समय हामीले ल्याएको लोकतन्त्र खतरामा पर्न लागेको महशुस गरी नेपाली कांग्रेस र नेकपा एमालेजस्ता दुई ठूला राजनीतिक दलको गठबन्धन गर्नुपरेको हो भन्दै विकास र समृद्धिसहित लोकतन्त्रलाई सुनिश्चित गर्न वर्तमान सरकार सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

मन्त्री गुरुङले सरकारी सञ्चारमाध्यमलाई अझ व्यवस्थित र समयानुकूल बनाउन मन्त्रालय सधैँ सकारात्मक रहेको बताउनुभयो ।

मन्त्री गुरुङका अनुसार सरकारी मातहतका सञ्चारमाध्यम् जनताको सूचना सेवाप्रति उत्तरदायी हुनुपर्ने बताउँदै राससले उक्त भूमिका प्रभावकारी ढङ्गले निर्वाह गर्दै आएको छ ।

मन्त्री गुरुङले राससले दीर्घकालीन महत्वका काम गरेकामा खुसी व्यक्त गर्दै चौबिसैं घन्टा सेवा प्रवाह, मिडिया सङ्ग्रहालयको सुरुआत गरी समाचार बुलेटिन कक्ष सर्वसाधारणका लागि खुला गर्ने, समावेशी भाषामा सेवा विस्तारलगायतका रचनात्मक एवं सिर्जनात्मक काम गरेकामा रासससलाई धन्यवाद दिनुभयो ।

## विश्व समाचार

### जापानका पूर्व प्रधानमन्त्रीमाथि पाइप बम फ्याँक्ने व्यक्तिलाई १० वर्षको जेल सजाय

टोकियो, ७ फागुन (रासस/एएफपी) ।

जापानका पूर्व प्रधानमन्त्री फुमियो किशिदालाई सन् २०२३ मा पाइप बमले मार्ने प्रयास गरेको आरोपमा बुधबार एक व्यक्तिलाई १० वर्षको जेल सजाय सुनाइएको स्थानीय सञ्चारमाध्यमले जनाएको छ । चुनाव प्रचारका क्रममा घरेलु विस्फोटक पदार्थले गरिएको आक्रमणमा किशिदालाई कुनै क्षति पुगेन । घटनास्थलबाटै २५ वर्षीय आरोपी र्‍युजी किमुरालाई पक्राउ गरिएको थियो ।

पश्चिमी जापानमा भएको यो घटना सन् २०२२ जुलाईमा पूर्वप्रधानमन्त्री शिन्जो आबेको चुनाव प्रचारका क्रममा भएको हत्याको एक वर्ष पनि नबित्दै भएको थियो । वाकायामा जिल्ला अदालतले किमुरालाई हत्याको प्रयास गरेको आरोपमा १० वर्षको जेल सजाय सुनाएको जिजी प्रेस र सार्वजनिक प्रसारक एनएचके लगायत सञ्चारमाध्यमले बताएका छन् ।

आसाही शिम्बुन दैनिकका अनुसार न्यायाधीशले अदालतमा किमुराले 'लोकतन्त्रको आधारशिला मानिने निर्वाचन भाषणको स्थलमा यो कार्य गरेको' बताउनुभयो । अभियोजनकर्ताहरूले १५ वर्षको सजायको माग गरेका थिए भने किमुराले उनले किसिदालाई मार्ने अभिप्राय अस्वीकार गरेकाले उनको प्रतिरक्षा टोलीले तीन वर्षसम्म जेल सजायको तर्क गरेको थियो ।

अदालतका प्रवक्ताले तत्काल यी रिपोर्टहरूको पुष्टि गर्न सकेनन् । आक्रमणपछि प्रहरीले किमुराको घरमा गरेको खानतलासीमा शङ्कास्पद बारुद, पाइप जस्ता वस्तुहरू र औजारहरू फेला परेका थिए । एनएचकेका अनुसार सुनुवाइका क्रममा किमुराका वकिलहरूले उनको 'उद्देश्य (सार्वजनिक) ध्यान आकर्षित गर्नु थियो' भन्दै उनको आरोप हत्या प्रयास नभई 'चोट पुर्‍याउने' हुनुपर्ने बताए ।

तथापि अभियोजकहरूले यो घटनालाई 'दुर्भावनापूर्ण आतङ्कवादी कार्य' भन्दै आक्रमणकारीलाई आफ्नो विस्फोटक घातक भएको थाहा थियो भनी बताए । पहिलेका रिपोर्टहरूका अनुसार किमुराले एक पटक राजनीतिक उम्मेदवारहरूको न्यूनतम उमेर र राष्ट्रिय कार्यालयका लागि उम्मेदवार बन्न कम्तीमा ३० लाख येन (१९,७०० डलर) आवश्यक पर्ने प्रावधानलाई चुनौती दिँदै मुद्दा दायर गरेका थिए । जापानी कानूनअनुसार माथिल्लो सदनको चुनावका लागि उम्मेदवारहरू ३० वर्ष वा सोभन्दा माथिको हुनुपर्छ भने संसद्को तल्लो सदनमा उम्मेदवार बन्न न्यूनतम उमेर २५ वर्ष तोकिएको छ ।

### मस्कको भूमिका प्रमुख कार्यान्वयनकर्ताका रूपमा ट्रम्पको व्याख्या

वासिङ्टन, ७ फागुन (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार राष्ट्रपति कार्यालयमा फर्केपछि जारी गरिएका कार्यकारी आदेशहरूको कार्यान्वयनमा टेक अर्बपति एलन मस्काको उत्साहको प्रशंसा गर्दै उहाँलाई आफ्नो प्रमुख कार्यान्वयनकर्ताका रूपमा चित्रित गर्नुभएको छ । फक्स न्युजमा प्रसारण गरिएको संयुक्त अन्तर्वार्तामा यी दुई व्यक्तिले एक अर्काको प्रशंसा गर्दै र ट्रम्पले आफ्नो कार्यकारी अधिकारलाई उछिन्दै गएको चिन्तालाई खारेज गर्दै पर्याप्त समय बिताउनुभयो । ट्रम्पले पछिल्लो तीन हप्तामा दर्जनौँ कार्यकारी निर्देशनमा हस्ताक्षर गर्नुभएको छ । तीमध्ये धेरै संविधान विपरीत हुनसक्ने भनेर अदालतहरूमा चुनौती दिइएको छ । सन् २०२४ को राष्ट्रपतिको चुनावी अभियानमा ट्रम्पका शीर्ष दाता रहेका अर्बपति मस्कलाई सङ्घीय खर्चमा 'फजुल खर्च, धोखाधडी र दुरुपयोग' उन्मूलन गर्ने घोषित लक्ष्यका साथ नवनिर्मित सरकारी दक्षता विभाग (डिओजिई) को नेतृत्व गर्ने जिम्मेवारी दिइएको थियो ।

### पाकिस्तानमा बन्दुकधारी समूहको आक्रमणबाट सात पञ्जाबी सर्वसाधारणको मृत्यु

क्वेटा, पाकिस्तान, ७ फागुन (रासस/एएफपी) ।

अशान्त दक्षिण-पश्चिम पाकिस्तानमा बन्दुकधारी एक समूहले बसमा सवार यात्रुमाथि आक्रमण गरी कम्तीमा सात जनाको हत्या गरेको छ । उक्त सशस्त्र समूहले बसमा यात्रारत ती व्यक्ति अर्कै क्षेत्रको भएको पहिचान गरी गोली हानी हत्या गरेको एक सरकारी अधिकारीले बुधबार बताउनुभयो । पञ्जाबसँग जोडिएको प्रान्तीय सीमा नजिकै बलुचिस्तान हुँदै राजमार्गमा गुडिरहेको बसको टायरमा गोली हानी हावा खुस्काइदिएको र बस रोकिएपछि बसमा छिरी पञ्जावी समुदायका मानिसहरूलाई पहिचान गरी बसबाट बाहिर निकाली गोली हानी हत्या गरेको सो क्षेत्रका एक वरिष्ठ सरकारी अधिकारी सआदत हुसेनले जानकारी दिनुभयो ।

"आतङ्ककारीहरू बन्दुकधारीहरू बसमा चढे र यात्रुहरूको परिचयपत्र देखाउन भने त्यसपछि पञ्जाबीहरूलाई बसबाट निकालियो र हत्या गरियो," उहाँले भन्नुभयो । "उनीहरूलाई लाइनमा उभ्याएर र गोली हानी मारिएको थियो," उहाँले भन्नुभयो । समाचार तयार पार्दासम्म यस आक्रमणको जिम्मेवारी कसैले पनि लिएको छैन । अफगानिस्तान र इरानसँग सीमा जोडिएको गरिब तर खनिज पदार्थले भरिपूर्ण बलुचिस्तान प्रान्तमा सुरक्षा फौजले दशकौंदेखि साम्प्रदायिक, जातीय र पृथकतावादी हिंसाविरुद्ध लड्दै आएको छ ।

# नेवि संघले झण्डा फहराई मनायो प्रजातन्त्र दिवस



**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस नेवि संघ इकाई कमिटीले बुधबार राष्ट्रिय झण्डा फहराई प्रजातन्त्र दिवस मनाएको छ ।

नेवि संघ क्याम्पस इकाई कमिटिका अध्यक्ष संतोष मण्डलको अध्यक्षता झण्डा फहराई प्रजातन्त्र दिवस मनाइएको हो ।

सो अवसरमा नेपाली कांग्रेस सप्तरीका प्रवक्ता नन्द किशोर यादव, नेवि संघ जिल्ला अध्यक्ष राकेश ठाकुर, जिल्ला उपाध्यक्ष नितिश यादव तथा नेवि संघ जिल्ला कार्य समिति तथा इकाई कमिटिका पदाधिकारीहरुको उपस्थिती रहेको थियो ।

# भन्सार छलिका लाखौं मुल्य बराबरको पेय पदार्थका साथै खाद्यसामाग्रिहरु बरामद





**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

सप्तरी प्रहरीले भन्सार छली अवैध रुपमा भारतबाट नेपालतर्फ विंगरमा ल्याउदै गरेको लाखौं मुल्य बराबरको पेय पदार्थका साथै खाद्यसामाग्रिहरु बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरी टोलीले गस्तीका क्रममा चेकजाँच गर्दा उक्त सामाग्रिहरु बरामद गरेको जनाएको छ ।

प्रहरीले जिल्लाको खडक नगरपालिका वडा नं. ८ भदिया सडक खण्डमा भारतको लौकही तर्फबाट बिसनपुरतर्फ आउदै गरेको ना.१ज. ८०७८ नम्बरको विंगर चेक जाँच गर्दा १६ लाख ४३ हजार ७ सय १३ रुपैया मुल्य बराबरको माउन्टेन डिउ, जिरा लगायतका खाद्यसामग्रीहरु बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बरामद सामाग्रिसहित विंगर र चालक जिल्लाको खडक नगरपालिका वडा नं. ८ बस्ने ४३ वर्षिय भगवत चौधरीलाई प्रहरी टोलीले नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि भन्सार कार्यालय बुझाईएको जनाइएको छ ।

# लौनियाले जित्यो टि-टवान्टी क्रिकेटको उपाधी




**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

सप्तरीको तिलाठी कोईलाडी गाउपालिका २ बाबा डिहवार लौनियाद्वारा आयोजित टि-ट्वान्टी क्रिकेट प्रतियोगिताको उपाधी लौनियाले हात पारेको छ ।

बुधवार तिलाठी कोईलाडी गाउपालिका वडा २ वडा कार्यालयको सहयोगमा संचालित भारदह र लौनियाबीचको फाईनल खेलमा टस जितेर भारदह क्रिकेट टिमले १५ ओभर ३ बलमा १ सय ५६ रनको योगफल खडा गरेको थियो ।

जवाफमा लौनियाले १२ ओभर ३ बलमा ४ बिकेटको क्षति बिजयी हात पार्दै उपाधी जितेको हो । उपाधी सँगै बिजेता लौनिया टिमले २२ हजार ५ सय तथा उपबिजेताले ११ हजार दुई सय ५० रूपैया प्राप्त गरेको छ ।

फाईनल खेलको प्लेयर अफ दि म्याच मुकेश यादव घोषित भए । प्रतियोगितमा प्लेयर अफ दि सिरिज मुकेश यादब, बेस्ट ब्याटर एकल्व मुखिया र बेस्ट बलर मुकेश यादव घोषित भए ।

बिजेता तथा उपबिजेतालाई तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष अरूण कुमार मण्डल, वडा २ का वडा अध्यक्ष कमल मण्डल, सप्तरी क्रिकेट सँघका सचिव चन्दनकुमार यादव, समाजसेवी रामनारायण मण्डल, पुर्व प्रअ प्रदिप मण्डललगायतले शिल्ड, कप, मेडल, प्रमाणपत्र प्रदान गरेका थिए ।

# मतदाता शिक्षा बढाउन जरुरी

काठमाडौं, ७ फागुन (रासस) ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले राजनीतिक दल र तिनका उम्मेदवार इमानदार नहुँदा निर्वाचन प्रणाली महँगो भएको बताउनुभएको छ ।

नवौं निर्वाचन दिवस, २०८१ का अवसरमा बुधबार यहाँ आयोजित कार्यक्रममा बोल्नुहुँदै प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचन व्यवस्थापन लागत कम रहे पनि राजनीतिक दल तथा उम्मेदवारहरूले आफूले गर्ने खर्चलाई देखाएर निर्वाचन प्रणाली महँगो भएको भन्ने खराब भाष्य स्थापित गरिरहेको बताउनुभयो । “निर्वाचन महँगो भएको भन्ने गलत भाष्य निर्माण गरिन्छ भने त्यो राजनीतिक दल र उम्मेदवारहरूको इमानदारिता माथिको प्रश्न हो । निर्वाचन प्रणाली महँगो भयो भन्ने उम्मेदवारहरूलाई मैले सोध्ने गरेको छु, तिम्रो बेइमानीको खास्टो मेरो प्रणालीमाथि ओढाएर ओभानो हुने दुस्साहस नगर्नु”, उहाँले भन्नुभयो ।

निर्वाचनको बेला प्रयोग हुने राज्यसंयन्त्रको इमानदारिता माथि पनि उहाँले प्रश्न उठाउनुभयो । निर्वाचनको मिति घोषणा भएपछि त्यस कार्यमा खटिने राज्य संयन्त्रको परिचालन निर्वाचन व्यवस्थापन गर्ने मुख्य निकायबाटै हुनुपर्ने थपलियाको भनाइ छ । निर्वाचनमा नागरिक सहभागिता बढाउन निर्वाचन शिक्षा र मतदाता शिक्षा बढाउनुपर्ने आवश्यकता पनि उहाँले औंल्याउनुभयो ।

“लोकतन्त्र भनेको आफ्ना प्रतिनिधि आफैँ छान्ने मात्र नभई यो मान्छेको जीवन शैली र जीवन पद्धति हो । मतदान गर्नु भनेको नागरिकले आफ्नो अधिकारको आत्मबोध गर्नु हो । यो कर्तव्य बोध गर्नका लागि मतदाता शिक्षा बढाउन जरुरी छ”, थपलियाले भन्नुभयो । नागरिक सचेत भएमा मात्रै निर्वाचन सफल हुने उहाँले उल्लेख गर्नुभयो । आगामी निर्वाचनका लागि मतदाता नामावली दर्ता र अद्यावधिक सम्बन्धित स्थानीय तहबाटै गर्ने व्यवस्था मिलाइने पनि थपलियाले बताउनुभयो ।

त्यस्तै, आफ्नो मतदाता नामावली रहेको क्षेत्रबाट मात्र नभई देशभित्र जुनसुकै स्थानको मतदान केन्द्रबाट पनि मतदान गर्न सकिने व्यवस्था मिलाउन अति आवश्यक रहेको उहाँको भनाइ छ । निर्वाचन व्यवस्थापन तथा सन्चालनसम्बन्धि कानुन चाँडै बनेर कार्यान्वयनमा आउने विश्वास उहाँले व्यक्त गर्नुभयो । त्यस्तै, निर्वाचनका क्रममा अहिले सामाजिक सञ्जाल र कृत्रिम बौद्धिकताको व्यवस्थापन नयाँ चुनौतीका रुपमा आएको उल्लेख गर्नुभयो ।

निर्वाचन आयोगका सचिव भरतमणि सुवेदीले निर्वाचनका क्रममा आयोगको स्वच्छता र निष्पक्षता कायम गर्न सफल भएको बताउनुभयो । निर्वाचन व्यवस्थापनका लागि विधि र पद्धति मा के-कति सुधार आवश्यक छ भनेर समीक्षा गरिनुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।

‘निर्वाचनको प्रभावकारिता: निर्वाचन प्रक्रियामा आम नागरिकको सहभागिता’ भन्ने मुख्य नाराका साथ मनाइएको नवौं निर्वाचन दिवसका अवसरमा ‘निर्वाचन स्मारिका २०८१’ र ‘नेपालको निर्वाचन इतिहास-३’ पुस्तक विमोचन गरिएको छ ।

त्यस्तै तीनवटा जिल्ला निर्वाचन कार्यालयको नवनिर्मित भवनको उद्घाटन गरिएको छ । दोलखा, स्याङ्जा, डडेल्धुराको जिल्ला निर्वाचन कार्यालयको भवन उद्घाटन गरिएको हो । त्यस्तै, हरेक प्रदेशबाट समान एक जना र आयोगका तीन जना गरी १० जना उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिएको छ ।

### प्रजातन्त्र दिवसमा...

गाउँपालिका गरि दुई वटा पालिकाका अध्यक्ष तथा राजनीतिक दलका तर्फबाट नेकपा एमालेका सचिव देवनाथ यादव गरी कूल ९ जनाको मात्रै उपस्थिति थियो ।

तीन दिन सम्म हर्षोउल्लासका साथ प्रजातन्त्र दिवस मनाउने उद्देश्य राखेर बोलाईएको छलफल बैठकमा सहभागी हुन जिल्ला समन्वय समितिले सबै सरोकारवालालाई पत्राचार गर्दै फोनमार्फत समेत सहभागि हुन अनुरोध गरेको जिल्ला समन्वय अधिकारी कुन्दन कर्णले जानकारी दिए ।

प्रजातन्त्र दिवस मनाउन तीन दिवसिय कार्यक्रम अन्तरगत फागुन ६ गते नगरका धार्मिक तथा सार्वजनिक स्थलहरुको सरसफाई, फागुन ७ गते प्रभातफेरी, प्रवचन र घरघरमा दीपावली तथा फागुन ८ गते रक्तदान, फरक क्षमता भएका बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण र साँझ दीपावली गर्ने कार्यक्रम तय गरिएको जिल्ला समन्वय अधिकारी कर्णले जानकारी दिए ।

### संविधान बनाउने ...

गरेका थिए भने नीति तथा योजना आयोग मधेश प्रदेशका सदस्य डा. शीला मिश्रले प्रजातान्त्रिक नेपालमा महिला सशक्तिकरण बारे प्रस्तुती गरेकी थिइन् ।

प्रजातन्त्र दिवसकै अवसरमा मन्त्री लेखी, जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, पालिका प्रमुखहरुको सहभागितामा छिन्नमस्ता मन्दिर परिसरमा ११ हजार दीप समेत प्रज्जवलन गरिएको छ ।

### नवजात शिशुको ...

भन्ने कुरा खुल्न सकेको छैन् । घट्नावारे अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैबीच सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ स्थित पत्थरगाडामा पनि नवजात शिशु मृत अवस्थामा भेटिएका छन् । दुबै घटनाको विषयमा अनुसन्धानपछि थप जानकारी दिईने जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।


## बालबालिकामा शिक्षाको पहुँच पुर्‍याऔं

- उमेर पुग्ने वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*